# उत्तरगया गाउँपालिका

## सभामा प्रस्तुत

## आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा रसुवा
बागमती प्रदेश नेपाल
२०७३

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा ।
१० आषाढ, २०७८

# आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम

आदरणीय गाउँसभा सदस्यज्युहरु राष्ट्रसेवक कर्मचारीहरु उत्तरगया बासी दाजुभाई तथा दिदिबहिनीहरु,

अहिले हामी (कोभिड-१९) को न्यू भेरियन्टको संक्रमणबाट उत्पन्न प्रकोप तथा महामारीको सामना गरिरहेका छौ । कोरोना भाइरस (कोभिड १९) न्यु भेरियन्टको कारण उत्पन्न भएको प्रकोपको अवस्था जटिल र र चुनौतीपूर्ण हुदै गई रहेको छ तथापी यसलाई व्यवस्थापन गर्दै अगाडी बढ्नु आजको हाम्रो पहिलो आवश्यकता हो । संविधान प्रदत्त हक अधिकार सहित गठित यस गाउँपालिकाको जननिर्वाचित अध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष ०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरूको सम्मान स्वतन्त्रता तथा अमनचैन जस्ता नागरिक तथा राजनैतिक अधिकार प्राप्तीका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धञ्जली अर्पण गर्दछु । साथै धाइते र वेपत्ता नागरिक प्रति सम्मान प्रकट गर्दछु। हाल विश्वभर महामारीको रुपमा फैलिएका कोभिड -१९ बाट मृत्यु भएकाहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उपचाररत संक्रमितहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । केभिड-१९ को संक्रमण न्यूनीकरणमा अग्रपङ्तीमा अहोरात्र खटिनु भएका स्वास्थ्यकर्मीहरु, एम्बुलेन्स चालकहरु, सुरक्षाकर्मीहरू, सञ्चारकर्मीहरू, राजनैतिक दलहरू, जनप्रतिनिधिहरू, कर्मचारीहरू, संघसंस्थाहरू, नागरिक समाजका अगुवाई गर्ने महानुभावहरू सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दै आर्थिक, सामाजिक, राजनैतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सबै अग्रजहरूप्रति आदरभाव प्रकट गर्दछु ।

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ प्रकोपको कारण उत्पन्न असहज परिस्थितिले मानव समुदायका आवश्यकता र प्राथमिकताहरु नै परिवर्तित भएका छन् । त्यसै गरी यसले हरेक मुलुकको अर्थतन्त्र र समग्र शासन प्रकृयामा पनि गम्भीर असर गरेको छ । यस्तो परिस्थितिमा हरेक तहका सरकारहरूले मुलुकमा आफ्नो तर्फबाट प्रवाह गरिने सार्वजनिक वस्तु तथा सेवा हरुको पुनः प्राथमिकिकरण गर्नु पर्ने भएको छ । शताब्दी कै विषम परिस्थितिसँग जुध्नेको लागि नियमित प्रयास र तालिकाहरूलाई परिमार्जन गरिएको छ । यस कोभिड प्रकोपको अवस्था बाट तत्कालै छुट्कारा पाउन सक्ने अवस्था नदेखिएकोले यसको असरलाई न्यूनीकरण गर्दै

जनजिवनलाई कसरी नियमित तुल्याउने विषय प्रमुख चुनौती को रूपमा हामी समक्ष रहेको छ । हामी निर्वाचित भएर यस गाउँपालिकाको विकास र समृद्धिको क्षेत्रमा कार्य गरेको चार वर्ष पूरा भई सकेको छ । यो चार वर्षको अनुभव तथा भोगाइको क्रममा विकास तथा समृद्धिको लागि हामीसँग प्रसस्त अवसरहरु भए पनि विविध समस्या तथा चुनौतीहरु पनि त्यतीकै रहेको हामीले अनुभव गरेका छौं । हामीसँग उपलब्ध सीमित श्रोत र साधनलाई अधिकतम फलदायी बनाई सबै क्षेत्रको विकासलाई आवधिक योजना अनुसार कसरी सम्बोधन गर्न सकिन्छ भनेर हाम्रो उत्तरगया गाउँपालिका परिवार चिन्तित थियौं, छौं र हुनेछौं । संघीय लोकतान्त्रिक गणतन्त्र सँगै बढेका जनताका आकांक्षा, चाहना र भावनालाई संबोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानीत सभा मार्फत समग्र उत्तरगया गाउँपालिकाका नागरिकहरू समक्ष राख्न पाउँदा म आफुलाई गौरवान्वित भएको महशुस गरेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकावासीहरू, निर्वाचित जनप्रतिनिधिहरू, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरू, राजनैतिक दलका साथीहरु, नागरिक समाजका अभियान्ताहरू अहोरात्र खटिने कर्मचारीहरू, शिक्षक, पत्रकार, बुद्धिजिवी तथा समाजसेवीहरू प्रति आभार ब्यक्त गर्दछु।

नेपालको उत्तरी क्षेत्रमा अवस्थित रसुवा जिल्लाको यस उत्तरगया गाउँपालिका प्राकृतिक श्रोत, कृषि, वन, पशुपालन र पर्यटन क्षेत्रमा पर्याप्त सम्भावना बोकेको गाउँपालिका हो । संघीय राजधानी को नजिक, गल्छी- स्याफवेशी-रसुवागढी (केरुङ नाका सडक खण्ड) राजमार्गले छोएको पालिका, पितृ उद्धार गर्ने पवित्र एवं ऐतिहासिक उत्तरगया वेत्रावती धाम, नेपाल चिन युद्ध हुदाँ प्रयोग भएको स्थान घलेगढी- कमेरेगढी, ठूलोगाउँको प्रसिद्ध भुमेदेवीस्थान, गुरुङ तामाङ समुदायको धार्मीक तथा सांस्कृतिक इतिहास बोकेको वस्ती, संग्राहलय निर्माण गरी, आन्तरीक तथा वाह्य पर्यटन प्रवर्धन गर्न सक्ने सम्भावना पनि उतिकै रहेको छ । वेसी देखी हिमाल सम्मको सबै प्रकारको प्राकृतिक विविधता रहेको यस क्षेत्र कृषि र पर्यटनलाई नमुनाको रूपमा विकास गरी आन्तरीक र वाहय पर्यटकहरूलाई भित्राई गाउँपालिकाको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उल्लेखनिय योगदान हुने सम्भावना रहेको हुँदा समग्र गाउँपालिकाको दिर्घकालिन योजना बनाई आगामी दिनमा अगाडी वढाइने छ ।

**आदरणीय गाउँसभाका सदस्यज्युहरु**

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

अव, म यस गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपुर्व यस गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यको बारेमा संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

**सोच**

सभ्य समृद्ध उत्तरगया हाम्रो शान, कृषी जलश्रोत पर्यटन विकासको अभियान ।

**लक्ष्य**

उत्तरगया गाउँपालिकाका सवै नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने ।

**उद्देश्य**

१। उत्तरगया गाउँपालिकाका सवै नागरिकको घर दैलोमा विकासका पुर्वाधारको सहज पहुँच पुऱ्याउने।

२। आधुनिक र व्यवसायीक कृषी प्रणाली तथा उद्योग पर्यापर्यटन मार्फत उद्यमशीलता र रोजगारीको अवसर सिर्जना गरी जनताको आयस्तरमा वृद्धि गर्ने।

३। शिक्षा र स्वास्थ्यमा सवै वालवालिकाको समान पहुँच र गुणस्तरीय शिक्षा र स्वास्थ्यको सूनिश्चित गर्ने।

४। उत्तरगया गाउँपालिकामा जोखिममा रहेका वर्ग र सामाजिक विभेद र उत्पीडनमा परेका नागरिकहरुको दुर्व्यवहार, भेदभाव, र हिंसाको अन्त्य सँगै समतामूलक विकास मार्फत सम्मानपूर्वक जीवन जिउन पाउने वातावरण निर्माण गर्ने।

५। गुणस्तरीय स्वास्थ्य सेवा तथा सूरक्षित खानेपानी र सरसफाईमा नागरिकको सहज पहुँच पुऱ्याउने।

६। वन तथा भु-संरक्षण एंव फोहोरमैलाको उचित व्यवस्थापन गरी वातावरणीय सन्तुलनलाई ध्यान दिदै उत्तरगया जलाधारको संरक्षण गर्दै प्रकोप न्यूनीकरण तथा विपद् व्यवस्थापनमा उत्थानशिल र स्वच्छ वातावरण युक्त समुदाय निर्माण गर्ने ।

७। कोभिड १९ को संक्रमणको कारण असहज परिस्थितिलाई न्यूनिकरण गरी सहज परिस्थितिमा रुपान्तरण गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

८। गाउँपालिकाद्धारा प्रवाह हुने सेवा तथा राजश्व संकलनमा पारदर्शीता, जावफदेहीता र नागरिक सन्तुष्टी कायम गर्ने,

९। स्थानीय श्रोत साधनहरुको उच्चतम परिचालन गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने,

१०। स्थानीय कच्चा पदार्थ सीप र प्रविधिको प्रयोग हुने तथा रोजगारी सिर्जना गर्ने आयोजना छनौटमा प्राथमिकता दिने।

११। संक्रमण लगायत सबै प्रकारका रोग र विपद्‌वाट नागरिकको जिवन रक्षा गर्दै जनजिवनलाई सहज र सुरक्षित वनाउने साथै कोभिड-१९ वाट उत्पन्न विषम परिस्थितिलाई व्यवस्थित गर्न क्वारेन्टीन, हेल्पडेस्कको ब्यवस्थित गर्ने कोभिड अस्पतालको ब्यवस्था गर्ने तथा राहत वितरण प्रोत्साहन दिने भन्दा रोजगारीबाट राहत दिने कामका लागि खाद्यान्न कार्यक्रम लाई प्रोत्साहन गरिनेछ ।

**अव म गाउँपालिकाको आगामी आर्थिक वर्ष ०७८/०७९ को विपय क्षेत्रगत वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**नीतिहरु**

**पूर्वाधार विकास तर्फ(सडक, सिंचाई, उर्जा, संचार)**

१। स्थानीय सडकहरुको निर्माण तथा उपयोग गर्दा वातावरणीय सन्तुलनलाई ध्यान दिई खास गरी पानीको मुहान, वनको संरक्षणलाई प्राथमिकता दिईने छ । डोजर जस्ता ठूला मेसिनको जथाभावी प्रयोगलाई निरुत्साहीत गरिने छ।

२। खेतीयोग्य जमिनमा सिंचाईको सम्भाब्यता अध्ययन गरी खोला तथा थोपा सिंचाई, पोखरी विस्तार योजना मार्फत उत्पादन वृद्धिमा जोड दिइनेछ।

३। गाउँपालिका भित्रका प्रत्येक नागरिकलाई सूचनाको हक दिलाउन फेशबुक पेज, रेडियो र साप्ताहिक पत्रिका मार्फत सूचना प्रवाह गरिने कार्यक्रलाई प्राथमिकता दिइने छ।

४। पूर्वाधार अर्न्तगतका सबै निर्माण कार्य उत्पादनमुखी वातावरणमैत्री, जेष्ठ नागरिक मैत्री, अपागंमैत्री, वालमैत्री र प्रकोप प्रतिरोधी बनाइनेछ।

५। गाउँपालिकाका सबै वस्तीहरु सडक सञ्जालबाट जोड्नको लागि वजेट विनियोजनमा प्राथमिकता दिइनेछ र वडा केन्द्र जोड्ने सडकको स्तरोन्नती गरिनेछ।

६। स्थानीय सडक गुरुयोजना बनाई पर्यटकीय, ऐतिहासीक र हरित सडकहरुमा वर्गिकरण गर्ने र सोही अनुरुप प्राथमिकताक्रम अनुसार मात्र वजेट विनियोजन गने नीति लिइनेछ।

७। भुकम्प पछि विस्तारित परिवारलाई साविकको स्थानमा नै पुर्नवास गरी ब्यवस्थित वस्ती विकास गर्ने नीति लिइनेछ।

८। खेती योग्य जमिनमा सिंचाई गर्ने योजनालाई प्राथमिकता दिइने।

९। जोखिम संवेदनशिल भु-उपयोग योजना अनुसार कम्तीमा वर्षको एउटा जग्गा एकिकरण वा जग्गा विकास वा वस्ती विकास वा सम्पदा संरक्षण योजना कार्यान्वियनमा ल्याइने छ ।

१०। बालश्रम मुक्त पालिकाको पहिचान गराउने वालमैत्री तथा अपाङ्गमैत्री नीति तथा कार्यक्रम कार्यान्वियनमा ल्याई स्थानीय शासनका पुर्वाधार पुरा गरी बालमैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई विशेष अभियानको रुपमा सञ्चालन गरिनेछ ।

११। यस गाँउपालिका बजार क्षेत्र लगायत बस्तीहरुमा फोहरमहिला ब्यवस्थापन गर्ने योजना तयार गरी कार्यन्वय गर्ने नीति लिइनेछ ।

**आर्थिक विकास( कृषी, उद्योग, वाणिज्य, पर्यटन, सहकारी, वित्तिय)**

१. "सभ्य समृद्ध उत्तरगया हाम्रो शान, कृषी जलश्रोत पर्यटन विकासको अभियान" भन्ने मूल नारालाई सापेक्ष तुल्याउन कृषी उत्पादनमा वृद्धी ल्याउन विभिन्न कार्यक्रम गर्ने, जलश्रोतको उच्चतम उपयोग गर्ने तथा पर्यटकीय क्षेत्रको रुपमा रहेको विभिन्न धरोहरहरुको संरक्षण गर्ने नीति लिइनेछ।
२. प्राकृतिक श्रोत ब्यवस्थापन तथा आर्थिक विकासका अभियानमा स्थानीय समुदायको सहभागितालाई प्रोत्साहीत गरिनेछ।

३. पशु तथा वालीहरुमा लाग्ने रोगहरुको पहिचान तथा उपचारको लागि रोग निदान तथा डिस्पेन्सरी कार्यक्रम सञ्चालन गरिनेछ साथै कृषी तथा पशुपन्छी पेशालाई ब्यावसायीकतामा लैजान ब्यवासाय दर्ता तथा नविकरणको लागि अभिमुखिकरण र प्रोत्साहन गरिनेछ ।

४. हिउँदे तथा वर्षे फलफुल खेतीलाई प्रोत्साहन दिदै विभिन्न कृषी उपज उत्पादनको पकेट क्षेत्र घोषणा गरी कृषी उत्पादन वृद्धिमा सहयोग पुर्‍याइनेछ।

५. स्थानीय तहमा उपलब्ध खानी तथा खनिज पदार्थको तथ्याङ्क संकलन गर्ने तथा संरक्षण र उपयोग सम्बन्धि नीति तथा मापदण्ड तयार गरी कार्यान्वियन गरिनेछ।

६. खेतीयोग्य जग्गामा वालीनाली र खेती अयोग्य तथा कमसल जग्गामा पशुपालन सञ्चालन गर्ने, खेर गएको भिर पाखामा टिम्मुर, तेजपात र अन्य बहुवर्षीय घाँस र डालेघाँस लगाउन कृषकहरुलाई प्रेरित गरिनेछ।

७. दातृ संस्था, गैरसरकारी संस्था, प्रदेश र केन्द्रसँग समन्वय र सहकार्यमा आर्थिक विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ।

८. पर्यटन प्रवर्धनको लागि एकिकृत उत्तरगया धाम चिप्लेटी ढुङ्गा महादेव मन्दिर श्रीदेबी मनदिर गुफा र घलेगढीको एकिकृत विकासलाई ब्यवस्थित गरी पूर्वाधार निर्माणमा जोड दिइनेछ।

९. आन्तरिक पर्यटन प्रवर्धनका लागि होमस्टे संचालन गुरुङ संग्राहलयको निर्माण झरना लगायतका पर्यटकिय गन्तब्यहरुको खोजी गरीने छ ।

१०. केन्द्र र प्रदेश सरकारको लागत साझेदारीमा औद्योगिक ग्राम निर्माण प्रारम्भ गरिनेछ ।

११. तिरु, ठूलोगाउँ, डाडाँगाउँ क्षेत्रमा फलफुल वालीहरु किवी, अलैची अदुवा वेसार ओखर आलु जस्ता वालीहरुको पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ।

१२. कृषी फर्म, कृषी सहकारीसँग ब्यावसायीक कृषी तथा पशुपालन उत्पादनको लागि साझेदारी कार्यक्रम अगाडी वढाइनेछ।

१३. तरकारी पकेट क्षेत्रमा यूवा तथा आमा समुहलाई समेटी रोजगारीमा आवद्ध गरिनेछ साथै वेमौसमी तरकारी खेतिमा कृषकको आम्दानी मौसमी खेतिको तुलनामा धेरैहुने हुँदा वेमौसमी खेति विस्तारका लागि प्लास्टीक टनेल सहयोगमा निरन्तरता दिइनेछ ।

१४. व्यावसायीक पशुपालन (बाख्रा, भैसी, गाई) गर्ने कृषकको दर्ता भएका फर्महरुलाई संरक्षण तथा साझेदारी कार्यक्रमको व्यवस्था गरी रोजगारीको सृजना गरिनेछ साथै विपन्न वर्ग विशेष प्राथमिकता दिइनेछ ।

१५. कृषी तथा पशु विमा गर्ने कार्यक्रमलाई विस्तार गरिनेछ साथै विमा कार्यक्रमलाई प्रोत्साहन दिन अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१६. गैर कृषीजन्य क्रियाकलापमा भुमीको प्रयोगलाई निरुत्साहीत गरी कृषी प्रणालीलाई व्यवस्थित गर्न भू-उपयोग योजना निर्माण गरिनेछ।

१७. "कृषीमा उद्यमशिलता आजको आवश्यकता" भन्ने नाराको साथ कृषीको आधुनिकिकरण गरी कृषक तथा उद्यमीहरुको क्षमता अभिवृद्धी गरिनेछ र साना तथा घरेलु उद्योगीहरुको सञ्चालनको लागि सहजिकरण गरिनेछ।

१८. कृषी तथा पशुपालन व्यावसायको जोखिम न्युनिकरणका लागि वाली तथा पशु विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषक पाठशाला, नयाँ प्रविधिको प्रयोग, कृषक अध्ययन अनुभव भ्रमण जस्ता सिर्जनात्मक काम गरिनेछ । पशुपालनलाई आय आर्जनको आधारको रुपमा स्थापीत गरिनेछ । जसका लागि नश्ल सुधार, कृतिम गर्भाधारण, चरन क्षेत्र विकास, औजार उपकरणमा अनुदानमा जोड दिइनेछ। साथै सामुहिक व्यावसायीहरुलाई विषेश प्राथमिकतामा राखिनेछ ।

१९. वनजंगलमा पाइने जडिबुटी उत्पालन तथा प्रशोधन केन्द्रको स्थापनाको लागि लगानीकर्तालाई आमन्त्रण गरिनेछ।

२०. एक वडा एक नमूना सहकारी कार्यक्रम अवलम्बन गरिनेछ।

२१. कृषी जैविक विविधताको महत्व भएका वाली तथा वस्तुहरुको पहिचान गरी दिगो संरक्षण तथा उपयोग कार्यक्रम संचालन गरिनेछ ।

२२. विदेशमा रोजगार गरी फर्केका सिपयुक्त जनशक्तिलाई उद्यम (रोजगारी प्रर्वधन) गर्नको लागि लगानीमा साझेदारी कार्यक्रम गर्न नीति लिइनेछ।

२३. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिइनेछ।

२४. कृषी क्षेत्रमा रासायनीक मलको प्रयोगलाई न्युकिरण गरी जैविक मल उत्पादन र प्रयोगलाई प्रोत्साहित गरिनेछ।

२५. त्रिशुली नदिको आसपासमा माछापालन गर्न चाहने कृषकलाई लगानीको लागि प्रोत्साहित गरि रोजगारीमा अभिवृद्धी गरिनेछ।

२६. कृषी उत्पादन भएका बस्तुलाई नष्ट हुन नदिन बजारिकरणमा सहयोग गर्न, कृषी बस्तुको उचित मुल्य तोक्न, शीतभण्डार र संकलन केन्द्र स्थापना र संचालन गर्न जोड दिइनेछ।

२७. कृषी उत्पादन तथा उत्पादकत्व बढाउन माटो परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२८. उत्पादन वृद्धी रोजगारी सृजना, आय आर्जन गरिवी निवारणमा योगदान गर्ने योजनालाई उच्च प्राथमिकतामा दिइने छ ।

२९. सार्वजनिक निजी क्षेत्र साझेदारी सम्बन्धी नीति तर्जुमा गरी विभिन्न योजनाहरुमा साझेदारी कार्यक्रमहरु संचालन गरिनेछ ।

३०. परम्परागत रुपमा कृषि तथा पशुपालन ब्यवसाय संचालन गर्न आएको हुनाले कृषी शाखा र कृषी क्षेत्रमा काम गर्दै आएका गैरसरकारी संस्था तथा सहकारी, ब्यवसायीहरुसगँ सहकार्यमा आधुनिक खेति प्रणालीको अभिमुखिकरण तालिमको कार्यक्रमलाई निरन्तरता दिने ।

३१. युवा श्रमिकको लागि सिपविकास (हस्तकला, प्लम्विङ्ग, हाउस वाइरिङ, इलेक्टोनिक्स मर्मत, कुक, कालिगढ, सिकर्मी, ढकर्मी, सिलाई कटाई, ढाका बुनाइ, ब्यटिसियन, कपाल कटाई, सवारी साधन तथा मोवाइल मर्मत) मा तालिम तथा क्षमता अभिवृद्दीको लागि विषेश जोड दिइनेछ ।

३२. उद्यमशिलता विकासका लागि प्रदेश सरकारद्वारा संचालित मेड्पा कार्यक्रमको प्रभावकारी कार्यन्वयन गर्नै तथा स्थानीय तहद्वारा समेत यसको अपनत्व गरी थप बजेट ब्यवस्थापन गरिनेछ ।

३३. स्थानीय तहको राजश्व अभिवृद्दीका लागि राजश्व सुधार योजना अनुसार कार्यन्वयन गर्दै लगिनेछ ।

३४. साना सिचाई मर्मत तथा निमार्ण कार्यलाई जोड दिदै उक्त कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**सामाजिक विकास ( शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, संस्कृती, समावेशीकरण)**

१. कोभिड-१९ को संक्रमणको सन्त्रास (वन्दावन्दी) बाट अवरोध भएको विद्यालय शिक्षाको सिकाई तथा पठन पाठनलाई सुचारु गर्न एफ.एम. रेडियोसगँको सहकार्यमा रेडियो शिक्षा कार्यक्रम संचालन गरिने छ ।

२. उत्तरगया गाउँपालिकाको विद्यालय शिक्षालाई ब्यवस्थापन तथा नियमन गर्न मौजूदा कानुनी ब्यवस्था वमोजिम कार्यान्वयन गरिनेछ।

३. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न नमुना विद्यालय निर्माण गरिनेछ,

४. आधारभूत शिक्षाको पहुँच पुऱ्याउन भर्ना अभियान कार्यक्रम लाई प्रभावकारी बनाइनेछ।

५. विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न आधारभूत तथा माध्यमिक तह स्तरीय विविध अतिरिक्त कृयाकलामहरु संचालन गरिनेछ।

६. विद्यालय तहमा कोभिड-१९ को सन्त्रासलाई न्यूनिकरण गर्न शिक्षक विद्यार्थी अभिभावकमा मनोसामाजिक परामर्श (Psycho Social Counselling) कार्यक्रम सञ्चालन गरिनेछ ।

७. स्वास्थ्य संस्थाहरुको सहयोगमा हेल्थ प्रोटोकल पालना गर्न तथा विद्यालयमा स्वास्थ्य प्रवर्द्धन गर्न विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

८. विद्यालय तहमा सञ्चालन हुने परीक्षालाई अझ मर्यादित, विश्वसनिय, ब्यवस्थित गरी सुधारको अभिन्न अङ्गको रुपमा विकास गरिनेछ ।

९. विद्यालय शिक्षालाई प्रविधी मैत्री बनाउन तथा गुणस्तरमा सुधार का लागि शिक्षण सिकाईमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पठन पाठनको ब्यवस्था गर्न शिक्षकहरुलाई आइ.सि.टी(ICT) सम्बन्धी तालिम र प्रशिक्षणको ब्यवस्था गरिनेछ, साथै अनलाइन शिक्षण तथा रेडियो शिक्षक कार्यक्रम मार्फत शिक्षण सिकाईलाई प्रोत्साहित गरिनेछ।

१०. विद्यालय शिक्षामा पारदर्शिता, सुशासन, जवाफदेहीता, उत्तरदायित्व प्रवर्धन गर्न विद्यालय अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई विद्यालय तह, वडागत र पालिका स्तरीय गरी प्रभावकारी वनाइनेछ।

११. वालवालिकाको सहभागिता तथा नेतृत्व क्षमता विकास गर्न विद्यालयहरुमा वालक्लव तथा इको क्लव गठन गर्न प्रोत्साहीत गरिनेछ।

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रसुवा बागमती प्रदेश नेपाल २०७३

१२. विद्यालय वाहिर रहेका विद्यालय उमेर समुहका वालवालिकालाई शिक्षाको पहुँचमा ल्याइनेछ।

१३. संस्थागत विद्यालयहरुमा बालमैत्री वातावरण सूनिश्चित गर्न नियमन तथा अनुगमनलाई सहभागीतामुलक वनाइने छ ।

१४. शिक्षा क्षेत्रमा कार्यरत मानव श्रोतको ज्ञान सीप तथा क्षमता अभिवृद्धी गर्न अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५. विद्यालय तहका विद्यार्थीहरुमा शारिरिक तथा मानसिक विकास, अनुशासन र गतिशिलता प्रवर्द्धन गर्न अन्तर माध्यमिक विद्यालय स्तरीय खेलकुद प्रतियोगिता ब्यवस्थीत र मर्यादित रुपमा सञ्चालन गरिनेछ ।

१६. उत्कृष्ठ विद्यालय छनौट गरी पुरस्कृत गरीनुका साथै शैक्षिक वेरोजगार यूवालाई लक्षीत गरी सीपमा आधारित तालिम तथा लोकसेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ।

१७. खेलकुद क्षेत्रको विकाश गर्न गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गर्ने तथा खेलकुद मैदान/कभर्ड हल निर्माण गर्न पहल गरिनेछ, साथै अन्तर वडा स्तरीय अध्यक्षकप खेलकुद प्रतियोगिता लाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१८. कोरोना जोखिमलाई मध्यनजर गर्दै विद्यालयमा सामान्यतया स्वास्थ्य उपकरणको ब्यवस्था सुरक्षा सतर्कता अपनाई कक्षा सञ्चालनमा जोड दिइनेछ।

१९. एक विद्यालय एक नर्स कार्यक्रमलाई थप प्रभावकारी वनाउँदै प्रदेश वाट माग गरी हाल सञ्चालनकोमा रहेकोमा थप गरिने छ।

२०. विद्यालयममा लेखा प्रणाली चुस्त र दुरुस्त राखी, आर्थिक पारदर्शिता, उत्तरदायीत्वको लागि आवश्यक ब्यवस्थाको सूरुवात गरिनेछ।

२१. वालमैत्री विद्यालय निर्माणको कार्य सञ्चालन स्वरुप विद्यालय फन पार्कको अवधारणालाई अगाडी सारिनेछ।

२२. वालशिक्षा, विद्यालय सहायक, लेखापाललाई प्रोत्साहन अनुदानलाई निरन्तरता दिदै थपगर्दै लगिने छ।

२३. माध्यमिक तथा आधारभुत विद्यालयको सिकाईलाई डिजिटल तथा भर्चअल प्रविधि उन्मुख गराउन पहल गरिनेछ ।

२४. सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला/सूचना प्रविधि प्रयोगशाला/पुस्तकालय स्थापना गर्न समन्वय र सहकार्य गरिने छ ।

२५. संघीय सरकार, प्रदेश सरकारका समन्वय र सहकार्यमा विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको पँहुच विस्तार गरिनेछ ।

२६. गाउँपालिका भित्रको विद्यमान शिक्षक दरबन्दीलाई विद्यालय तथा विद्यार्थीको संख्याको आधारमा दरवन्दी मिलानलाई निरन्तरता दिइनेछ ।

२७. उत्तरगया गाउँपालिका विविधतायुक्त भाषा, संस्कृती, धर्म कलाको संगमको रुपमा रहेकोले शिक्षाको माध्यमबाट भाषिक संरक्षण र प्रर्वद्धनात्मक कार्यमा जोड दिइनेछ।

२८. विहानिले दिउँसोको संकेत गर्दछ भने जस्तै वच्चाले सानोमा राम्रो गर्न सिके पछि स्वतः राम्रो तिरनै लैजान सकिने उद्देश्यले प्रतिस्पर्धात्मक युगमा वच्चालाई समायोजन बनाउने खालका प्रशिक्षणहरु वालकक्षा शिक्षकलाई प्रदान गरिनेछ ।

२९. शैक्षिक उपलब्धीलाई प्रतिस्पर्धात्मक र गुणस्तरीय वनाउन प्रोत्साहन गर्न परिक्षणको रुपमा नतिजामा आधारित फन्डको व्यवस्थालाई गरिनेछ।

३०. पालिका वाटै विद्यालयलाई निरीक्षण गर्ने खालको प्रविधीको प्रयोगलाई अगाडी वढाइनेछ।

३१. विद्यालय शिक्षाको प्रवर्द्धन गर्न "विद्यार्थीसँग जनप्रतिनिधि कार्यक्रम" सञ्चालन गरिनेछ ।

३२. उत्तरगया गाउँपालिकाको लैगिंक समता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

३३. हरेक योजना निर्माण प्रकृयामा महिला, वालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी, जनजातीको सहभागिता सुनिश्चित गरिने छ।

३४. "जसको सवाल उसैको संलग्नता र नेतृत्व " भन्ने नाराको साथमा वाल क्लव, महिला समुह, एकल महिल सञ्जाल, जेष्ठनागरिक क्लव, दलित समूह, अपांगता भएका व्यक्तिहरुको संस्थाको सशक्तिकरण र सवलिकरणमा जोड दिइनेछ।

३५. सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शिता उत्तरदायी जवाफदेही बनाउन परिचय पत्रको वितरण र विवरण अध्यावधिक कार्यलाई निरन्तरता दिइनेछ र सामाजिक सुरक्षा पाउन योग्य तथा नपाएको व्यक्तिलाई घर दैलोमा पुगेर सेवा उपलब्ध गराइनेछ।

३६. जेष्ठ नागरिक वुवा आमाको संरक्षण नगर्ने छोराछोरी प्रति गाउँपालिकाले कडाईका साथ निगरानी राख्ने छ र गाउँपालिका द्वारा प्रदान गरिने सेवामा कडाई गरिने छ, र राम्रो गर्ने मध्य प्रत्येक वडाका एक जना लाई श्रवणकुमार पुरस्कार बाट मनोनित गरिनेछ।

३७. "उत्तरगयाका महिला विकासमा महिला" भन्ने नारालाई मूर्त रुप दिन प्रत्येक वडामा कम्तीमा १ उपभोक्ता समिति महिलाको मात्र बनाउने नीति अवलम्बन गरिनेछ।

३८. वर्षको कम्तिमा एक पटक हेल्थ क्याम्प र योग शिविर सञ्चालन गरिनेछ ।

३९. नेपाल सरकारद्वारा सञ्चालित प्रत्येक नेपाली नागरिकको स्वास्थ्य विमा सुनिश्चत गर्ने कार्यक्रम सञ्चालमा सहजीकरण गरिनेछ ।

४०. कोभिड-१९ को प्रकोपलाई न्युनिकरण मा थप प्रभावकारी बनाउनको लागि सामुदायीक स्वास्थ्य तथा सरसफाई प्रवर्धन लाई प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयंसेविका र महिला समूहहरु परिचालन गरिनेछ।

४१. खानेपानी तथा सरसफाई सम्बन्धी गुरुयोजना निर्माण गरी एक घर एक धाराको नीति लाई कार्यान्वयन गरिनेछ।

४२. स्काउटको मुल्य मान्यताको भावना अनुरुप वालवालिकामा अनुशासन, आचरण, सहयोगात्मक भावनाको विकाश गर्न विद्यालय स्काउट कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

४३. गाउँपालिकामा प्रसुती सेवा सहितको १५ शैयाको अस्पताल निर्माण गर्न पहल गरिनेछ।

४४. आयुर्वेद सेवालाई वैकल्पिक चिकित्साको रुपमा अघि वढाइनेछ।

४५. युवाहरुको सीप र क्षमतामा वृद्धीगरी रोजगारी मुलक योजनाको छनौट गर्ने रोजगारीको अवसरमा वृद्धि गर्ने साथै एक बहु प्राविधिक शिक्षालय स्थापनाको लागि केन्द्र तथा प्रदेश सरकारलाई अनुरोध गरिनेछ।

४६. कोभिड -१९ को कारण उत्पन्न भएको जोखिमलाई नियन्त्रण र व्यवस्थापन गर्न स्वास्थ्य सामाग्रीहरुको व्यवस्था गरिनेछ।

४७. उत्तरगयाका नागरीकहरुको ब्लड बैंकमा पहुँच पुऱ्याउन नुवाकोटमा रहेको ब्लड बैंकलाई आर्थिक सहयोग गरीने छ।

४८. मातृ तथा शिशु मृत्युदर घटाउनको लागि "सुत्केरी आमा पोषिलो खाना" कार्यक्रमका अतिरिक्त वालवचाउ कार्यक्रम संचालन गरिनेछ ।

४९. वालवालिका पुनर्स्थापना केन्द्र, जेष्ठ नागरिक आश्रयकेन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र संचालन गर्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५०. टोल विकास संस्थाको गठन परिचालन सम्बन्धी नीतिगत ब्यवस्था गरी टोलविकास संस्था मार्फत घरेलु हिंसाको अन्त्यका लागि चेतनामुलक अभियान संचालन गर्ने, अन्धविश्वास र वालविवाह विरुद्ध अभियान संचालन गरिनेछ ।

५१. विपन्न, दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका ब्यक्ति, वंचितिकरणमा परेका समुदाय, किशोर किशोरीहरुलाई आयआर्जन क्षमता विकास सशक्तिकरण कार्यक्रममा समावेश गर्ने नीति लिइनेछ ।

५२. महिला, वालवालिका तथा जेष्ठनागरिक मन्त्रालयको कोभिड १९ र अपाङ्गता सम्बन्धी मार्गदर्शन २०७७ र कोभिड १९ सम्बन्धी कार्ययोजना, कोभिड सम्वन्धी मार्गदर्शनहरुलाई कार्यान्वयन गरी अतिप्रभावित जोखिम रहेको ब्यक्ति तथा वर्गको स्वास्थ्य मनोसामाजिक तथा आर्थिक अवस्था सुधार ल्याउन पूर्णिमा आशा परियोजना जस्ता विभिन्न साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।

५३. महिला आर्थिक ससक्तिकरणमा जोड दिदै महिला उधमीहरुको समस्या पहिचान गरी आवश्यकतामा आधारित कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।

५४. सिमान्तकृत, दलित, अपाङ्गता भएका, यौनीक तथा लैङ्गिक अल्पसंख्य गर्भवती तथा सुत्केरी महिला, वावुआमा विहिन वालवालिकालाई विशेष प्राथमिकता दिइनेछ ।

५५. २०७२ सालको महा भुकम्प मा परी ज्यान गुमाउनु भएका ब्यक्तिहरुको समझनाको लागी प्रत्येक वडा कार्यलय परीसरमा स्मृती स्तम्भ निमार्ण गरिने छ ।

५६. बेरोजगार ब्यक्तिहरुको तथ्याङ्क संकलन गरि अध्यावधिक गरिनेछ र आयोजनाहरु छनौट गर्दा रोजगारमुलक आयोजनालाई प्राथमिकता दिइ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत थप न्यूनतम रोजगारी प्रदान गरिने नीति लिइनेछ ।

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बागमती प्रदेश नेपाल २०७३

**वातावरण तथा विपद व्यवस्थापन(वन तथा भूसंरक्षण, जालाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन)**

१. वातावरण मैत्री विकासमा जोड दिदै वन वातावरण तथा जलाधार संरक्षण नीति एंव विपद व्यवस्थापन तथा जलवायु उत्थानसिल योजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ।

२. वन वातावरण र विपद व्यवस्थापनलाई प्रभावकारी वनाउन संस्थागत क्षमता बढाउने, जनशक्ति व्यवस्थापन, स्थानीय सहभागिता प्रवर्धन गरिनेछ।

३. जोखिम युक्त स्थानमा बसोबास गरिरहेका घर परिवारको सुरक्षा गर्ने साथै खेती योग्य जमिन संरक्षणको लागि भू-संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४. विपद व्यवस्थापन कोषको वृद्धी गरी प्राकृतिक प्रकोपमा परेका परिवारको संरक्षणमा जोड दिइनेछ।

५. गाउँपालिकाद्धारा निर्मित विपद् व्यवस्थापन तथा प्रतिकार्य योजनाको आधारमा विपद्को पूर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनुका साथै गाउँपालिकामा आपतकालिन उद्धार तथा राहत कोष व्यवस्था गरिनेछ ।

६. विभिन्न सञ्चारको माध्यम मार्फत प्रकोप जोखिम न्यूनिकरण सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

७. नयाँ बन्ने सवै घर तथा संरचनालाई भुकम्प प्रतिरोधी वनाईने व्यवस्था गरिनेछ र पुर्ननिर्माण अर्न्तगत आवास निर्माण कार्यक्रमलाई सहजिकरण गरिनेछ।

८. गाउँपालिकाद्धारा निर्मित विपद व्यवस्थापन तथा प्रतिकार्य योजनाको आधारमा विपदको पुर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनुका साथै कोभिड-१९ को कारण सृजित आपतकालिकन अवस्थालाई व्यवस्थित गर्न उद्धार तथा राहत कोष र सामाग्रीको थप व्यवस्था गरिनेछ।

९. सार्वजनिक जग्गा तथा वन क्षेत्रलाई वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिदै वन क्षेत्रलाई आर्थिक स्रोतको प्रमुख आधार बनाइनेछ।

१०. जलवायु परिवर्तन र यसवाट पर्ने असर वारे आम नागरिकहरुलाई सचेत गराउनुका साथै औपचारिक शिक्षामा समेत यी विषय समावेश गरिनेछ ।

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लहरेपौवा रसुवा बागमती प्रदेश नेपाल २०७३

११. उत्पादनमूलक क्षेत्रमा भू-संरक्षण तथा जलउत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२. एकिकृत भुउपयोग योजना सडक यातायात गुरुयोजना, वातावरण व्यवस्थापन योजना समेत समावेश गरी GIS Based Spatial Plan मा आधारित मध्यकालिन खर्च संरचना सहितको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यनीति लिइनेछ ।

१३. दिगो विकासका लक्ष्यहरुको स्थानीकरणका लागि स्पष्ट नीति तथा कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१४. नविनतम प्रविधी अपनाई ब्यावसाय विकास गर्न चाहेका चाहने उधमी आवश्यकता अनुसार प्राविधिक तथा ब्यावसायीक सिपविकास कार्यक्रम संचालन गर्न सहजिकरण गरिनेछ ।

१५. यस गाउपालिकामा निर्माण गरिने पुर्वाधारहरु वातावरणमैत्री गरिनेछ साथै वन, वातावरण तथा जलाधार संरक्षण गर्न भुक्षय भएका ठाउँहरुमा वृक्षारोपण गर्न गाउँपालिका भित्रका भौतिक पुर्वाधार निर्माण गर्ने क्रममा भु क्षती भएका स्थानमा योजनाहरुको लागत अनुमानको १ प्रतिशत रकम छुट्याइ कार्यान्वयनमा जोड दिइनेछ ।

## संस्थागत विकास तथा सेवा प्रवाह

१. सेवा प्रवाहमा प्रभावकारिता ल्याउन गाउँपालिका र वडा कार्यालयबाट प्रवाह भएका सेवाहरुको सार्वजनिक सूनुवाई गर्न उच्च प्राथमिकता दिइनेछ ।

२. सेवा प्रवाहमा प्रवक्ता एंव सूचना अधिकारीको कार्यविवरण तयार गरी प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ साथै समग्र क्षेत्रको सूचनालाई अद्यावधिक र ब्यवस्थित गरिनेछ ।

३. उत्तरगया गाउँपालिकाको सुशासन कार्यविधी तयार गरी लागु गरिनेछ।

४. समग्र क्षेत्रको सूचनालाई अद्यावधिक र ब्यवस्थित गरिनेछ।

५. गाउँपालिकाको कार्यालयमा स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरुको लागि कर्मचारी कल्याणकारी कोष स्थापना गर्ने नीति लिइनेछ।

६. वेत्रावती वजार क्षेत्रमा कम्तिमा ३ ठाउँमा सि.सि. क्यामेरा जडान गरिनेछ।

७. जनप्रतिनिधी तथा कर्मचारीहरुको आचार संहिता निर्माण गरी कार्यान्वयन गरिनेछ।

८. सबै वडा कार्यालय, विद्यालय र स्वास्थ्य केन्द्रहरुमा इन्टरनेट सेवालाई ब्यवस्थित गरिनेछ ।

९. विद्युतिय हाजिरको माध्यमबाट सुसासनमा थप जोड दिइनेछ ।

१०. उत्तरगया गाउँपालिकाको दक्षता, जवाफदेहीता पारदर्शिता प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्न विभिन्न रेडियो,पत्रिका, अनलाइन वेभसाइट र मोवाइल एप्स मार्फत सूचना प्रवाह गरिनेछ।

११. कार्य सम्पादनको आधारमा उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत गरिनेछ।

१२. जेष्ठ नागरिक अपाङ्गता भएका ब्यक्ति, एकल महिला, दलित, लोपोन्मुख, आदिवासी, जनजातीलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता सहज रुपमा प्रदान गर्नका लागि पारदर्शिता र जवाफदेही वितरण प्रणाली गर्न अद्यावधीक गर्दै ब्यवस्थित गर्ने र वैंकिङ प्रणालीलाई निरन्तरता दिइनेछ।

१३. दलित, सिमान्तकृत, लोपोन्मुख, आदिबासी जनजाती र अपांगत भएका ब्यक्तिहरुको अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रचलन अनुरुप सामाजिक सुरक्षाको प्रत्याभूती गरिनेछ।

१४. अपाङ्गताको प्रकृती हेरी उपयुक्त सीपमुलक तालिम प्रदान गरी रोजगारीका अवसरहरुमा पँहुच विस्तार गरिनेछ तथा उक्त वर्गको स्वरोजगारका अवसरहरुको सृजना गर्दै उद्यमशिलताको विकाश गरिनेछ।

१५. कोभिड-१९ को कारण विदेश स्थित विभिन्न पेशा /ब्यवसायमा संलग्न रहिं विभिन्न ज्ञान सीप प्राप्त गरेका युवाहरुलाई सोही ज्ञान सीपको आधारमा ब्यवसाय सञ्चालन गर्न प्रोत्साहित गरी रोजगारीको अवसरको सृजना गरिनेछ।

१६. युवा स्वरोजगार र आत्मनिर्भता सम्वन्धी कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ जसको लागि लक्षित वर्गलाई उत्पादन र आयआर्जन संग जोड्न प्रोत्साहन गरिने छ।

१७. "उत्तरगयाको उपहार घरघरमा रोजगार" कार्यक्रम अर्न्तगम यस वर्ष छनौटमा परेका ठाउँहरुमा होमस्टेको परिक्षणस्वरुप सुरुवात गर्न प्रोत्साहन गरिने छ र आगामी वर्षहरुमा निरन्तरता दिइने छ।

१८. सवै सार्वजनिक पुर्वाधारहरु अपाङ्गमैत्री प्रविधी राखी निर्माण गर्नुपर्ने मापदण्ड जारी गरी कार्यान्वयन तथा अनुगमन गरिनेछ ।

१९. कोभिड-१९ को कारणले युवा तथा लक्षित वर्गको ब्यक्तिहरुलाई उद्यम सञ्चालन प्रर्वदनमा जोड दिइनेछ।

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लहरेपौवा रसुवा बागमती प्रदेश नेपाल २०७३

२०. आगामी दिनमा केही कृषीमा आत्मनिर्भर उत्तरगया निर्माणका लागि पहल गरिने छ साथै कृषी क्षेत्रको विकास तथा यस क्षेत्रमा रोजगार अभिवृद्धी गर्न कृषी अनुदान दिने नीति लिइनेछ ।

२१. आफ्नै सरकार खुल्ला सरकारको अवधारणलाई मुर्त रुप दिन संकलित राजश्वको विस्तृत सूचना ६।६ महिनामा सार्वजनिक गरिनेछ ।

२२. कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता विकास योजना तयार गरी क्षमता विकास कार्यक्रम लागु गरिनेछ।

२३. उत्तरगया गाँउपालिकाले संस्थागत स्वंमुल्याकन (LISA) बमोजिम सुधार गर्नु पर्ने क्षेत्रलाई सुधार गर्दै लैजाने नीति लिइनेछ।

२४. संघ र प्रदेशसँग गुर्नपर्ने नीतिगत र कार्यगत समन्वय गरेर पालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्ने साथै सहायक सरोकारवाल विषयहरुमा सहकार्य र समन्वय गरी सहलगानीका कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

२५. स्थानीय पालिका विच साझा हित र सरोकारवाला विषयमा आवश्यक पर्ने संयुक्त समिती गठन गरी समितिलाई क्रियाशिल बनाइ कार्यान्वयन गरिनेछ ।

**उपस्थित महानुभावहरू**

मैले गाउँपालिकाको आगामी आर्थिक वर्षको लागि प्रस्ताव गरेको नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गरेको छु । वडा तथा वडास्तरीय भेलामा अधिकांश जनताको सहभागितामा छनौट र प्राथमिकीकरण भएका योजनाहरु प्राथमिकतामा पर्दापार्दै पनि पालिकाको सिमित श्रोतका कारणले योजनाहरू समावेश गर्न नसकिएको ब्यहोरा अनुरोध गर्दछु । यसरी प्राथमिकतामा नपरेका योजनाहरूलाई योजना बैंकमा समावेश गरी अन्य दातृ निकायहरू सँग समन्वय गर्दै श्रोतको ब्यवस्था मिलाई संचालन गर्न प्राथमिकतामा राखीने तथा आगामी आर्थिक वर्षमा समते क्रमशः कार्यान्वयन गर्दै लगिने ब्यहोरा समेत अनुरोध गर्दछ।

**आदरणीय उपस्थित महानुभावहरू**

उल्लेखित बजेट, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत र कार्यविधिगत सुधारका कार्य गर्ने साथै आवश्यकता अनुसार सरकारी, गैर सरकारी संस्था, निजीक्षेत्र, नागरिक समाज, सहकारी र उपभोक्ता समेतको

संयुक्त सहभागीतात्मक सूचकमा आधारित अनुगमन तथा मुल्याङ्कनको आवश्यक व्यवस्था मिलाइने छ । जसवाट बजेटेको कार्यान्वयनको सुनिश्चितता एवं पारदर्शिता र उत्तरदायित्वमा थप प्रवर्धन हुने विश्वास गरेको छु ।

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा गाउँपालिकाका सबै पदाधिकारीज्यूहरूको सक्रिय सहभागीता र पृष्ठपोषण हाम्रा लागि महत्वपूर्ण रहयो । विकास प्रतिको एकता, संवेदनशिलता क्षेत्रगत सूचनाको जानकारी सरोकारवाला निकाय विच रहेको उच्चस्तरीय समन्वय र समझदारी हाम्रा लागि कार्य सफलताको कडी बन्यो । यस प्रति हामी सदैव कृतज्ञ छौ। यस खालका उत्तरगया गाउँपालिकाको तर्फ बाट हार्दिक आभार ब्यक्त गर्दछु।

अन्तमा,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी ब्यस्त तथा अमूल्य समयको बावजूद यस कार्यक्रममा पाल्नु भएका गाउँपालिकाका सदस्यज्यूहरु, कर्मचारीहरु, सरोकारवालाहरु सवैमा हामी आभारी छौ । गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा प्रकृयाका क्रममा सहभागीलामुलक योजना तर्जुमा प्रकृया सबै चरणहरूमा सहभागी हुनुहुने सबै प्रति धन्यवाद गर्दछु । साथै यस कार्यलाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि सम्बद्ध सबै पक्षवाट सदा भैं निरन्तर सुल्लाह, सहयोग र सुझावको अपेक्षा गर्दै वार्षिक योजना वर्जुमा कार्यक्रममा सक्रिय एवं रचनात्मक सहयोग पुऱ्याउनुहुने सबै पदाधिकारीज्यूहरू, विषयगत समिति, गाउँपालिकाको कार्यालय र पूर्णिमा कार्यक्रममा कार्यारत सम्पूर्ण कर्मचारीसाथीहरू लाई धन्यवाद दिन चाहान्छु । साथै नीति तथा कार्यक्रम प्रस्तुत गर्दा भएका कमिकमजोरी प्रति क्षमायाचना माग्दै स्वचछ सफा हराभरा सुशासन युक्त उत्तरगयाको अनुभुती प्राप्ती गर्न निशर्त, निस्वार्थ भावले सदा लागि रहन सम्पूर्ण जनप्रतिनिधिहरु, राजनैतिक दल, आम नागरिक, कर्मचारी, पत्रकार तथा पूर्णिमा परियोजना, गैर सरकारी संघ संस्था, विकासका साझेदार तथा सरोकारवालाहरु सबैमा आहवान गर्दै सक्रियतथा रचनात्मक सहयोगको अपेक्षा गर्दै उत्तरगया गाउँपलिका दशौ गाउँसभामा आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रमको प्रस्तुती यही अन्त गर्दछु ।

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा,रसुवा
बागमती प्रदेश नेपाल
२०७३

धन्यवाद

उपेन्द्र लम्साल

अध्यक्ष

जय उत्तरगया ।

जय नेपाल ।

उपेन्द्र लम्साल
अध्यक्ष